SANJEN JALAVIDHYUT COMPANY LIMITED
सान्जेन जलविद्युत कम्पनी लिमिटेड
7th Floor, Chilime Tower, Dhumbarahi, Kathmandu

P.L.Regdd. No.: 1208/066/067
PAN No. :304236091

Ref. No.: २०८३/०८४ - २३४

मिति २०८३/०७/२७

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर।

विषय: आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक प्रतिवेदन सम्वन्धमा।

यस सान्जेन जलविद्युत कम्पनी लिमिटेडको आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक प्रतिवेदन धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को नियम २६ को उपनियम (१) र उपनियम (५) अनुसूची -१४ र अनुसूची- १६ मा उल्लेखित व्यवस्था अनुसार सर्वसाधारणको जानकारीको लागि राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशन गरी आवश्यक जानकारीको लागि यसै पत्र साथ संलग्न गरि पठाइएको व्यहोरा अनुरोध छ।

.....
(जयराम आचार्य)
कम्पनी सचिव

बोधार्थ:

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, शान्तिमार्ग काठमाडौं।

Sanjen Jalavidhyut Company Limited

Unaudited Statement of Financial Position

As at 31'th Ashwin, 2083 (Corresponding to 17 October 2026)

(Rs in "000")

Particulars	This Quarter Ending 31.06.2083	Previous Quarter Ending 32.03.2083	Corresponding Previous year Quarter Ending 31.06.2082
ASSETS			
Non-Current Assets			
Property Plant and Equipment's	12,075,530.54	12,154,709.70	12,529,373.89
Project Capital Work in Progress			
Term Deposit			
Total Non-Current Assets	**12,075,530.54**	**12,154,709.70**	**12,529,373.89**
Current Assets			
Inventory	83,221.18	83581.59	103,288.44
Prepayments	2,003.35	5,369.83	1,940.97
Advance to Contractor and Consultant	10,789.00	10,789.00	12,059.79
Financial Assets:			
Deposits and Margin	1,478.13	1480.20	1,487.77
Current Tax Assets	11,081.32	11,049.99	11,230.27
Term Deposits with Banks	-	-	270.00
Trade Receivables	55,468.33	339,981.10	369,588.56
Other Financial Assets	103,343.07	99,525.86	37,415.53
Bank Balances	70,067.08	13,783.55	97,762.10
Total Current Assets	**337,451.46**	**565,561.12**	**635,043.43**
TOTAL ASSETS	**12,412,982.00**	**12,720,270.82**	**13,164,417.32**
EQUITY AND LIABILITIES			
Equity			
Equity Share Capital	3,650,000.00	3,650,000.00	3,650,000.00
Other Equity (Reserve & Surplus)	(680,180.92)	(592,808.90)	(528,277.91)
Total Equity	**2,969,819.08**	**3,057,191.10**	**3,121,722.09**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities:			
Borrowings (Long Term)	8,268,863.66	8,441,155.48	8,944,602.86
Other Non-current Liabilities	194,296.36	200,567.40	195,638.58
Total Non-Current Liabilities	**8,463,160.02**	**8,641,722.88**	**9,140,241.44**
Current Liabilities			
Financial Liabilities:			
Borrowings (short Term)	915,000.00	975,000.00	850,000.00
Provisions	2,402.75	2,351.84	17,799.17
Other Financial Liabilities and Payables	62,600.15	44,005.00	34,654.62
Total Current Liabilities	**980,002.90**	**1,021,356.84**	**902,453.79**
TOTAL EQUITY AND LIABILITIES	**12,412,982.00**	**12,720,270.82**	**13,164,417.32**

Sanjen Jalavidhyut Company Limited
Unaudited Statement of Profit or Loss
For the Year 2083/84 (Corresponding to 17 October, 2026)

(Rs in "000")

Particulars	This Quarter 31 Ashwin 2083	Previous Quarter 32 Ashad 2083	Corresponding previous Year Quarter 31 Ashwin 2082
Revenue			
Sales of Electricity-SUHEP	68,452.54	413,769.54	145,512.39
Sales of Electricity-SHEP	190,430.50	1,227,797.61	412,426.29
Cost of Sales			
Direct Costs -SUHEP	(12,157.90)	(56,401.36)	(14,247.09)
Direct Costs -SHEP	(21,155.07)	(142,409.36)	(27,642.19)
Royalty-SUHEP	(1,560.01)	(9,929.49)	(4,563.84)
Royalty-SHEP	(4,381.47)	(29,326.74)	(8,769.31)
Gross Profit	**219,628.59**	**1,403,500.21**	**502,716.25**
Employee Benefits	(5,387.02)	(20,534.02)	(5,663.29)
Operating and Administrative Expenses	(2,920.61)	(23,199.34)	(8,398.74)
Depreciation and Amortization	(143,880.63)	(576,117.30)	(146,816.97)
Profit From Operation	**67,440.33**	**783,649.55**	**341,837.25**
Other income	4,328.32	1,016.35	116.63
Finance income	171.27	7,016.59	590.96
Finance Cost	(150,896.88)	(699,747.53)	(188,669.89)
Exchange Gain / (loss)	1,806.60	(8,283.50)	2080.99
Profit Before Bonus and Tax	**(77,150.36)**	**83,651.45**	**155,955.94**
Provision for Bonus		(1673.03)	(3,119.12)
Income Taxes			
Net Profit	**(77,150.36)**	**81,978.42**	**152,836.82**

धितोपत्र दर्ता तथा निस्कासन नियमावली २०७३ को अनुसुची - १४, नियम २६ को उपनियम (१) संग सम्वन्धित

कम्पनीको आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक प्रतिवेदन

१) वित्तिय विवरण:

(क) त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान विवरणः

यस सान्जेन जलविद्युत कम्पनी लिमिटेडको आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक अवधिसम्मको अपरिस्कृत वासलात र नाफा नोक्सान विवरण यसैसाथ पेश गरिएको छ।

(ख) प्रमुख वित्तिय अनुपातहरु/ परिसुचकहरुः

क्र.स.	विवरण	आ.व.२०८३/८४को प्रथम त्रैमासिक अवधिको	आ.व.२०८२/८३को चौथो त्रैमासिक अवधिको	आ.व.२०८२/८३को प्रथम त्रैमासिक अवधिको
१	प्रति शेयर आम्दानी (रु.)	(२.११)	२.२५	१६.७५
२	मुल्य आम्दानी अनुपात	(११५.१६)	११९.१७	१७.९१
३	प्रति शेयर नेटवर्थ (रु.)	८१.३६	८३.७६	८५.५३
४	प्रति शेयर कूल सम्पत्ति (रु.)	३४०.०८	३४८.५०	३६०.६७
५	तरलता अनुपात	०.३४	०.५५	०.७०

२. व्यवस्थापकिय विश्लेषण:

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्वन्धि विवरणः

यस अवधिमा कम्पनीको नगद मौज्दात र तरलतामा सामान्य परिवर्तन भएको छ । कम्पनीले दुबै जलविद्युत केन्द्रहरुबाट नियमितरुपमा विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई विद्युत विक्रि गरिरहेकोमा मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको भीषण बाढीको कारण विद्युत प्रवाह हुने चिलिमे-त्रिशुली-मातातिर्थ २२० के.भि.को प्रशारण लाइनमा क्षति पुगेको कारण उक्त मिति देखी विद्युत उत्पादन बन्द भइ कम्पनीको आयमा प्रत्यक्ष असर पर्न गएको छ। कर्मचारी सचय कोषको दीर्घकालीन ऋणको सातौं किस्ता रकम २०८३ असोज मसान्तमा भुक्तानी गरिएको छ।

(ख) व्यवस्थापनको विश्लेषणात्मक विवरणः

मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको भीषण बाढीको कारण कम्पनी अन्तर्गतका दुबै जलविद्युत केन्द्रहरुबाट उत्पादन हुने विद्युत प्रवाह हुने चिलिमे-त्रिशुली-मातातिर्थ २२० के.भि. प्रशारण लाइनमा क्षति पुगेको कारण उक्त मिति देखी विद्युत उत्पादन बन्द भइ कम्पनीको आयमा प्रत्यक्ष असर पर्न गएको छ। हाल, सान्जेन जलविद्युत केन्द्रको एउटा युनिटलाई Isolation Mode मा सचालन गरी रसुवा जिल्ला सदरमुकाम धुन्चे लगायतका स्थानीय क्षेत्रहरुमा विद्युत सेवा सुचारु गरिएको छ । कम्पनीले चालु आ.व.को प्रथम त्रैमासिक अवधिको २०८३ भाद्र १० गते सम्म दुबै जलविद्युत केन्द्रबाट नियमित रुपमा विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई विद्युत विक्रि गरी आम्दानी गरेको साथै कम्पनीका अल्पकालिन र दीर्घकालिन दायित्वहरु नियमित रुपमा भुक्तानी गर्दै आईरहेको, संचालन संभार खर्चमा मितव्ययीता अपनाएकोले शेयरधनीहरुको हितमा काम गर्दै कम्पनीलाई अगाडि वढाउन व्यवस्थापन प्रतिवद्ध रहेको छ।

३. कानुनी कारवाही सम्वन्धी विवरणः

(क) सान्जेन (माथिल्लो) तथा सान्जेन जलविद्युत आयोजनाको लट- २, सिभिल निर्माण कार्य तर्फको ठेक्का सम्झौताहरुको भुक्तानी सम्वन्धि केही विवादहरु समाधानको लागि नेपाल मध्यस्थता परिषद् (नेप्का) मार्फत विवाद समाधान गर्न आर्विट्रेसन ट्राइबुनल गठन भई विवाद निरुपणको प्रकृयामा रहेको। सो बाहेक संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको।



(ख) संगठित संस्थाको संस्थापक वा सचालकले वा संस्था संचालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अवरोध गरेको सम्वन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए कम्पनीको जानकारीमा नभएको।

(ग) कुनै संस्था वा संचालक विरुद्ध आर्थिक अवरोध गरेको सम्वन्धमा कुनै मुद्दा दायर नभएको।

४. संगठित संस्थाको शेयर कारोवार सम्वन्धी विश्लेषण:

(क) धितोपत्र वजारमा भएको संगठित संस्थाको शेयर कारोवार सम्वन्धमा व्यवस्थापनको धारणा:

यस संस्थाको साधारण शेयर नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०७६/०४/२० मा सुचिकृतभई कारोवार भैरहेको छ। शेयरको मुल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुदा यस संस्थाको व्यवस्थापन शेयरको मुल्य तथा कारोवार प्रति तटस्थ छ तर प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्वद्ध निकायहरुलाई उपलव्ध गराउनुपर्ने सूचना तथा जानकारी भने संस्थाले उपलव्ध गराएको छ।

(ख) त्रैमासिक अवधिको शेयर कारोवार सम्वन्धि विश्लेषण:

यस त्रैमासिक अवधिमा शेयरको अधिकतम , न्युनतम, अन्तिम मुल्य, कारोवार भएको कुल दिन,कारोवार संख्या र कारोवार रकम नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको वेवसाइट www.nepalstock.com अनुसार निम्न अनुसार रहेको

शेयरको अधिकतम मुल्य	रु.२८५।३०	कुल कारोवार संख्या	१०७८७९३
शेयरको न्युनतम मुल्य	रु.२२७।००	कुल कारोवार रकम	रु.२६,१५,७१,७९०।५०
शेयरको अन्तिम मुल्य	रु.२४३।००	कारोवार भएको जम्मा दिन	६१ दिन

५. समस्या तथा चुनौती:

मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको भीषण बाढीको कारण कम्पनी अन्तर्गतका दुबै जलविद्युत केन्द्रहरुबाट उत्पादन हुने विद्युत प्रवाह हुने चिलिमे-त्रिशुली-मातातिर्थ २२० के.भि. प्रशारण लाइनमा क्षति पुगेको कारण उक्त मिति देखी विद्युत उत्पादन बन्द भइ कम्पनीको आयमा प्रत्यक्ष असर पर्न गएको छ। कम्पनी अन्तर्गतका दुबै जलविद्युत केन्द्रहरु नदी प्रवाहमा आधारीत भएकोले जलवायु परिवर्तनको कारण नदीको वहावमा आउने परिवर्तनले विद्युत उत्पादनमा प्रत्यक्ष असर पर्न जाने साथै ज.वि.केन्द्रहरु हिमाली जिल्लामा अवस्थित रहेकोले वाढी पहिरो आदिको जोखिम समेत विद्यमान रहेको छ।

६. संस्थागत सुशासन:

प्रचलित कानुन वमोजिमका प्रकृया पुर्याई कम्पनीको संस्थागत सुशासन कायम गरिएको।

७. सत्य तथ्यता सम्वन्धमा कार्यकारी प्रमुखको उद्घोषण:

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म कार्यकारी प्रमुख व्यक्तिगत रुपमा उत्तरदायी छु। मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र यथार्थपरक छन् र लगानीकर्ताहरु सुसूचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

अनुसूची— १६
(नियम २६ को उपनियम (५) सँग सम्बन्धित)
विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण

<u>तुरुन्तै जानकारी गराउनु पर्ने घटनाहरु:</u>

१ संगठित संस्थाको विनियममा संशोधन भएमा – छैन।

२ तात्विक असर पर्ने व्यवसायिक सम्झौता वा समाप्ती (Material Business Agreement) – छैन।

३ तात्विक असर पर्ने व्यवसायीक सम्झौता (Material Business Agreement) को समाप्ती – छैन।

४ तात्विक असर पार्ने सम्पत्ति (Material Assets) खरीद/विक्री सम्बन्धी विवरण – छैन।

५ कुनै वित्तीय दायित्व, जमानत वा अन्य सम्भावित दायित्व सम्बन्धी विवरण –छैन।

६ व्यवसाय/सेवाबाट वहिंगमन सम्बन्धी विवरण – छैन।

७ सम्पत्तिको पुर्नमूल्यांकन सम्बन्धी विवरण – छैन।

८ लेखापरीक्षक परिवर्तन भएमा:
आ.व.२०८३/८४ का लागि कम्पनीको वैधानिक लेखापरिक्षकको नियुक्ती हुन बाँकी रहेको।

९ संगठित संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको परिवर्तन भएमा: संस्थागत शेयरधनी श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेड बाट ४ जना, नेपाल विद्युत प्राधिकरण बाट १ जना र साधारण शेयरधनीहरुबाट प्रतिनिधित्व हुने गरि मुख्य ऋण लगानीकर्ता संस्था कर्मचारी संचय कोष बाट १ जना गरी हाल सञ्चालक समितिमा ६ जना सञ्चालकहरु रहनु भएको।

१० संगठित संस्थाको नियन्त्रणमा परिवर्तन भएमा – छैन।

११ शेयरपूँजीको स्वामित्व संरचना परिवर्तन भएमा – छैन।

१२ व्यवसायको प्रकृति परिवर्तन भएमा – छैन।

१३ लाभांश घोषणा वा पूँजी संरचना परिवर्तन भएमा – छैन।

१४ शेयरवालाको अधिकारमा तात्विक असर पर्ने गरी हेरफेर भएमा – छैन।

१५ प्रतिफलको लागि शेयर निष्काशन गरेमा - छैन

१६ संगठित संस्थाले दायर गरेको वा संगठित संस्था विरुद्ध दायर भएको मुद्दा:
सान्जेन माथिल्लो तथा सान्जेन जलविद्युत आयोजनाको लट २ सिभिल कार्य तर्फको ठेक्का सम्झौताहरुको भुक्तानी सम्वन्धि केहि विवादहरु समाधानको लागि नेपाल मध्यस्थता परिषद (नेप्का) मार्फत विवाद समाधान गर्न आर्विट्रेसन ट्राइबुनल गठन भई विवाद निरुपणको प्रकृयामा रहेको।

१७ संगठित संस्थाबाट जारी गरिएको सूचना – छैन।

१८ पूर्वघोषित वित्तिय विवरणहरु त्रुटी भएमा– तात्विक फरक छैन।

१९ ठेगाना परिवर्तन भएमा – छैन।

२० व्यवसाय सञ्चालन हुन नसक्ने वा खारेजी – छैन।

२१ नामसारी दाखिल खारेज बन्द – छैन।

२२ कुनै असामान्य घटना र संगठित संस्थामा परेको असर – मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण विद्युत प्रशारण हुने चिलिमे – त्रिशुली – मातातिर्थ २२० के.भि. प्रशारणलाइनमा पुग्न गएको क्षतिको कारण हाल विद्युत उत्पादन हुन नसकेको।

२३ आर्थिक वर्ष समाप्त भएको छ महिना समाप्त भैसक्दा पनि वार्षिक साधारण सभा नभएमा – छैन।

२४ सूचिकरण खारेज भएको सूचना वा सूचिकरण हुन आवश्यक कुरा पुरा गर्न नसकेमा – छैन।

२५ संगठित संस्थाको शेयरको मूल्यमा तात्विक प्रभाव पार्ने त्यस्तै अन्य कुनै घटना – प्रशारणलाइनमा पुननिर्माण भै नसकेको कारण विद्युत विक्रि गर्न नसकिएकोले कम्पनीको आम्दानी गुम्न पुगेको छ जसका कारण चालु आ.व.मा कम्पनी नोक्सानमा जान सक्ने सम्भावना देखिएको छ।